# हाइड्रोइलेक्ट्रीसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी लिमिटेड
हात्तीसार, काठमाण्डौ।

## कम्पनीको आठौं वार्षिक साधारण सभामा भएको काम कारबाहीको विवरण (माइन्यूट)

यस हाइड्रोइलेक्ट्रीसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी लिमिटेडको आठौं वार्षिक साधारण सभा मिति २०७६ साल पौष २८ गते सोमबार बिहान ११:०० बजे देखि आर्मी अफिसर्स क्लब, सुन्धारा, काठमाण्डौमा बस्यो। साधारण सभाको उपस्थिति, प्रस्तावहरु, छलफल, सूचना प्रकाशन, गणपूरक संख्या, सभाको वैधानिकता, अध्यक्षता, सभा सञ्चालन तथा प्रतिवेदन प्रस्तुति, निर्णयहरु तथा अन्य काम कारवाहीको विवरण निम्न अनुसार रहेको छः

**सभामा उपस्थितिः**

<u>सञ्चालकहरुको उपस्थिति</u>

१. श्री दिनेश कुमार घिमिरे -अध्यक्ष
सचिव, उर्जा, जलश्रोत तथा सिंचाइ मन्त्रालय

२. श्री उदय राज सापकोटा -सञ्चालक
सह सचिव, अर्थ मन्त्रालय

३. श्री रमेश प्रसाद शिवाकोटी -सञ्चालक
सह-महालेखा नियन्त्रक, महालेखा नियन्त्रक कार्यालय

४. श्री भरत राज वस्ती -सञ्चालक
मुख्य प्रवन्धक, कर्मचारी सञ्चय कोष

५. श्री सुधिर ज्ञवाली -सञ्चालक
(सर्वसाधारण समूहबाट निर्वाचित)

६. श्री पराक्रम शर्मा -सञ्चालक
स्वतन्त्र सञ्चालक (चार्टर्ड एकाउन्टेन्ट)

७. डा. ई. मेग बहादुर विश्वकर्मा -सञ्चालक
स्वतन्त्र सञ्चालक (जलविद्युत विशेषज्ञ)

<u>शेयरधनीहरुको उपस्थितिः</u>

**संस्थापक शेयरधनीहरुको तर्फबाट प्रतिनिधित्व गरी स्वयम् उपस्थिति – जम्मा ७ जना**

१. श्री वेद प्रसाद खनाल, शाखा अधिकृत
प्रतिनिधि, नेपाल सरकार, अर्थ मन्त्रालय

२. श्री सोमा खड्का, शाखा अधिकृत
प्रतिनिधि, नेपाल सरकार, उर्जा, जलश्रोत तथा सिंचाइ मन्त्रालय

३. श्री दिपेश खनाल, शाखा अधिकृत
प्रतिनिधि, नेपाल सरकार, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

४. श्री गोरख बहादुर शाही, उप-महालेखा नियन्त्रक
प्रतिनिधि, नेपाल सरकार, महालेखा नियन्त्रक कार्यालय

५. श्री रामचन्द्र पोखरेल, प्रवन्धक
प्रतिनिधि, कर्मचारी सञ्चय कोष

६. श्री रेशम कृष्ण सोम पौडेल, सह-व्यवस्थापक
प्रतिनिधि, राष्ट्रिय वीमा संस्थान

७. श्री अमृत बहादुर अधिकारी, उपनिर्देशक
प्रतिनिधि, नागरिक लगानी कोष

**सर्वसाधारण शेयरधनीहरु (समूह "ख") को उपस्थिति – ६२९ जना**

<u>कम्पनीका कर्मचारीहरुको उपस्थितिः</u>

१. श्री छवि राज पोखेल, प्रमुख कार्यकारी अधिकृत
२. श्री मुक्ति बोध न्यौपाने, नायव महाप्रवन्धक (वित्त)
३. श्री अरुण रजौरिया, नायव महाप्रवन्धक (हाइड्रो)
४. श्री वासुदेव भण्डारी, प्रमुख हाइड्रोपावर इन्जिनियर
५. श्री जिवन कुमार बस्नेत, वित्त विश्लेषक/ कम्पनी सचिव
६. श्री रमेश पनेरु, वरिष्ठ लेखा अधिकृत
७. श्री कौशल राज अधिकारी, वातावरण तथा सामाजिक सुरक्षा अधिकृत
८. श्री दिपक पौडेल, लेखा अधिकृत

**छलफलका विषयहरुः**

**(क) साधारण प्रस्तावः**

१. आर्थिक वर्ष २०७५/७६ को सञ्चालक समितिको प्रतिवेदन उपर छलफल गरी पारित गर्ने।
२. लेखापरीक्षकको प्रतिवेदन सहित २०७६ आषाढ मसान्तको वासलात, आर्थिक वर्ष २०७५/७६ को नाफा नोक्सान हिसाब र नगद प्रवाह विवरण सहितका वित्तीय विवरणहरु उपर छलफल गरी स्वीकृत गर्ने।
३. श्री महालेखापरीक्षकको कार्यालयबाट प्राप्त परामर्श बमोजिम चालु आर्थिक वर्ष २०७६/७७ को लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने।

४. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम शेयरधनीहरुलाई चुक्ता पूँजीको १२% प्रतिशतका दरले हुने रु. १,३२,००,००,०००|- (अक्षरेपी एक अर्ब बत्तिस करोड मात्र) बराबर नगद लाभांश (कर सहित) वितरण गर्न स्वीकृत गर्ने। *(कम्पनी ऐन, २०६३ को दफा १८२ को उपदफा (२) मा नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व भएको कम्पनीले नेपाल सरकारको पूर्व स्वीकृति लिएर मात्र लाभांश वितरण गर्न सक्नेछ भन्ने व्यवस्था रहेकोले प्रस्तावित लाभांश नेपाल सरकारको स्वीकृति प्राप्त भए पश्चात मात्र वितरण गरिनेछ।)*

**(ख) विशेष प्रस्तावः**

१. कम्पनीको संस्थागत सामाजिक उत्तरदायित्व बहन गर्ने क्रममा मिति २०७५/१२/१७ गते बारा र पर्सा जिल्लामा आएको भीषण हावाहुरीबाट प्रभावित जनताको लागि राहत प्रदान गर्न सहयोग स्वरुप प्रधानमन्त्री राहत कोष मार्फत प्रदेश नं. २ को मुख्यमन्त्री राहत कोषमा रु. ४००,०००|- (अक्षरेपी चार लाख मात्र) जम्मा गरिएकोमा सो को अनुमोदन गर्ने।

**(ग) विविध।**

## सभाको सञ्चालनः

**१. सूचना प्रकाशनः**

मिति २०७६/९/६ गते बसेको सञ्चालक समितिको १९६औं बैठकको निर्णयानुसार कम्पनीको आठौं वार्षिक साधारण सभा सम्बन्धमा कम्पनी ऐन को दफा ६७ तथा कम्पनीको नियमावलीको नियम १८ अनुसार मिति २०७६/९/७ गते प्रथम पटक तथा मिति २०७६/९/८ गते दोश्रो पटक कम्पनी ऐन, २०६३ को दफा ८४ बमोजिमको संक्षिप्त आर्थिक विवरण सहित गरी दुई पटक कारोबार राष्ट्रिय दैनिकमा सूचना प्रकाशन गरी शेयरधनी महानुभावहरुलाई आठौं वार्षिक साधारण सभा हुने मिति, समय, स्थान र छलफल गरिने विषयहरु तथा कम्पनीको संक्षिप्त आर्थिक विवरणका बारेमा जानकारी गराइएको थियो।

यसका अतिरिक्त आठौं वार्षिक साधारण सभाका बारेमा शेयरधनीहरुलाई सु-सूचित गराउन सूचना तथा जानकारीहरु कम्पनीको सूचना पाटी र कम्पनीको वेबसाइट www.hidcl.org.np मा समेत नियमित रुपले राखिएको थियो। साथै, आ.व. २०७५/७६ को लेखापरीक्षण गरिएको आर्थिक विवरण तथा सञ्चालक समितिको प्रतिवेदन कम्पनीको रजिष्टर्ड कार्यालय, हात्तीसार, काठमाण्डौ तथा शेयर रजिष्ट्रार श्री ग्लोबल आइएमई क्यापिटल लि., राष्ट्रिय नाचघर, जमल, काठमाण्डौबाट वितरणको व्यवस्था गरिएको थियो।

यस आठौं वार्षिक साधारण सभाको बारेमा कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेञ्ज लि. तथा नेपाल राष्ट्र बैंकमा सेमत जानकारी गराइएको थियो।

**२. साधारण सभाको गणपूरक संख्याको आधिकारिकताः**

कम्पनी ऐन, २०६३ को दफा ७३ को उपदफा (२) तथा कम्पनीको नियमावलीको नियम २३ मा भएको

व्यवस्था अनुसार कम्पनीको बाँडफाँड भएको कुल शेयर संख्याको कम्तीमा ५०% भन्दा बढी शेयरको प्रतिनिधित्व हुने गरी कुल शेयरधनीहरु मध्ये कम्तीमा ३ जना शेयरधनीहरु स्वयं वा आफ्नो प्रतिनिधि मार्फत उपस्थिति नभई सभाको काम कारवाही हुने छैन भन्ने उल्लेख गरिएकोमा यस सभामा कम्पनीका ७ जना संस्थापक शेयरधनीहरु मध्ये ७ जनाले प्रतिनिधित्व गर्ने ८० प्रतिशत शेयरको प्रतिनिधित्व भएको र सर्वसाधारण शेयरधनीहरु तर्फबाट १.३५ प्रतिशत शेयरको प्रतिनिधित्व गर्दै ६२९ जना शेयरधनीहरुको उपस्थिति भएको यस सभाको हाजिरी पुस्तिकामा देखिएको हुनाले आठौं वार्षिक साधारण सभाको काम कारवाहीका लागि गणपूरक संख्या पुगेको यकिन गरियो।

## ३. सभा सञ्चालनको लागि वैधानिकताको यकिन तथा सभाको अध्यक्षताः

आठौं वार्षिक साधारण सभा सञ्चालन गर्नको लागि कम्पनी ऐन, २०६३ को दफा ७३ को उपदफा (२) तथा यस कम्पनीको नियमावलीको नियम २३ बमोजिमको गणपूरक संख्या पुगेको कुरा शेयरधनीहरुको हाजिरी पुस्तिकाबाट देखिएको र कम्पनी ऐन, २०६३ को दफा ६९ बमोजिम सभाको वैधानिकता माथि छलफल गर्दा कम्पनी ऐन, २०६३ र कम्पनीको नियमावली बमोजिम शेयरधनीहरुलाई समयमा नै सूचना प्रकाशित गरी जानकारी गराइएको देखिएको हुँदा यस आठौं वार्षिक साधारण सभा रीतपूर्वक बोलाइएको पाईएको भनी उपस्थित शेयरधनीहरुबाट सभाको काम कारवाही गर्न स्वीकृति प्राप्त भए बमोजिम कम्पनी सचिवले जानकारी गराई कम्पनीका नायव महाप्रवन्धक श्री मुक्ति बोध न्यौपानेलाई सभाको काम कारवाही शुरु गर्न आग्रह गर्नु भयो।

कम्पनीको नियमावलीको नियम १९ मा व्यवस्था भए बमोजिम कम्पनीको सञ्चालक समितिका अध्यक्ष श्री दिनेश कुमार घिमिरेको अध्यक्षतामा यस आठौं वार्षिक साधारण सभाको काम कारवाही शुरु गरियो।

## ४. सभा सञ्चालन तथा सञ्चालक समितिको प्रतिवेदन प्रस्तुतिः

सभाका अध्यक्ष श्री दिनेश कुमार घिमिरेको अनुमतिमा आठौं वार्षिक साधारण सभाको सञ्चालन शुरु गरियो। राष्ट्रिय गानबाट सभा शुरु भई सभाका अध्यक्ष श्री दिनेश कुमार घिमिरेबाट द्विप प्रज्वलन गरी कार्यक्रम शुरुवात गरियो।

अध्यक्षको अनुमतिले कम्पनीका प्रमुख कार्यकारी अधिकृत श्री छवि राज पोखेलले उपस्थित शेयरधनीहरु, विभिन्न निकायका प्रतिनिधिहरु लगायत अन्य उपस्थित महानुभावहरुलाई स्वागत गर्नु भई कम्पनीको अवस्थाको बारेमा संक्षिप्त जानकारी गराउनु भयो।

तत्पश्चात सभाका अध्यक्ष श्री दिनेश कुमार घिमिरेले आफ्नो मन्तव्य सहित सञ्चालक समितिको १९६औं बैठकबाट स्वीकृत भए अनुसारको सञ्चालक समितिको वार्षिक प्रतिवेदन सभामा प्रस्तुत गर्नुभयो। सञ्चालक समितिको उक्त प्रतिवेदन सहितको कम्पनीको आ.व. २०७५/७६ का वित्तीय विवरणहरु, लेखापरीक्षकको प्रतिवेदन र कम्पनीको सञ्चालक समितिबाट पेश गरिएका प्रस्तावहरुमा छलफल गर्न र सो सम्बन्धमा कुनै जिज्ञासा, सुझाव आदि भए सभामा व्यक्त गर्न अध्यक्षले शेयरधनी महानुभावहरुलाई आव्हान गर्नु भयो।

## ५. शेयरधनीहरुको राय तथा सुझावः

सभामा प्रस्तुत गरिएको वार्षिक प्रतिवेदन एवं प्रस्तावहरु उपर छलफल हुँदा निम्न बमोजिमका शेयरधनीहरुले आ-आफ्नो राय, जिज्ञासा र सुझावहरु व्यक्त गर्नु भयोः

१) श्री उमेश कुमार रेग्मी, शेयरधनीबाट व्यक्त जिज्ञासा/सुझावहरुः

- सातौं वार्षिक साधारण सभाबाट स्वीकृत भएको हकप्रद शेयर सर्वसाधारणको लागि चाँडै विक्री खूला गर्न आग्रह।
- राष्ट्रको जलविद्युत विकासमा अग्र पंक्तिमा रहेर कार्य गर्न स्थापित कम्पनीमा हकप्रद शेयर वापत रकम भुक्तानी गरी सर्वसाधारण शेयरधनीहरुको लागि हकप्रद शेयर जारी गर्न मार्गप्रशस्त गरिदिनुहुन संस्थापक शेयरधनीहरुलाई आग्रह।
- रेमिट हाइड्रो लि. अन्तर्गतका जलविद्युत आयोजनाहरुको प्रगति सुस्त देखिएको बारे जिज्ञासा।
- ऋण लगानी गरिएको काबेली ए जलविद्युत आयोजनाको अवस्था बारे जिज्ञासा।
- पाँच वर्षे व्यवसायिक योजना अनुसारको प्रगति बारे जिज्ञासा।
- कम्पनीबाट लगानीका लागि अध्ययन भइरहेका आयोजनाहरुको नाम प्रतिवेदनमा खुलाउन सुझाव।
- प्रतिवेदनमा सकेसम्म चालु आर्थिक वर्षको मंसिर मसान्तसम्मको विवरण राख्न सुझाव।

२) श्री रामचन्द्र पोखरेल, शेयरधनीबाट व्यक्त जिज्ञासा/सुझावहरुः

- कम्पनी स्थापनाको शुरुवात देखि नै स्वपूँजी लगानीलाई प्राथमिकता नदिएकोमा जिज्ञासा।
- कम्पनीबाट शेयरधनीहरुले प्राप्त गरेको प्रतिफल वार्षिक औसत ५.५% मात्र भएको।
- नाफामूलक जलविद्युत आयोजनामा स्वपूँजी लगानी गर्न सुझाव।
- सञ्चालक समिति तथा व्यवस्थापनको सेवा सुविधा बारेमा जिज्ञासा।
- सञ्चित जगेडामा न्यून रकम बाँकी राखी लाभांश वितरण गर्न लागिएको बारे जिज्ञासा।
- कम्पनीमा उपलब्ध लगानीयोग्य रकमबाट द्रुत गतिमा लगानी गर्न सुझाव।

३) श्री शत्रुघन श्रेष्ठ, शेयरधनीबाट व्यक्त जिज्ञासा/सुझावहरुः

- १२% लाभांश वितरण गर्ने प्रस्ताव उपर खुशी व्यक्त।
- जलविद्युत क्षेत्रमा लगानीको लागि नेपाल सरकारबाट स्थापित कम्पनीको प्रगति राम्ररी अगाडि बढेको विचार व्यक्त।
- पेट्रोलियम पदार्थको आयात विस्थापन गर्नमा जलविद्युतको ठुलो योगदान हुनाले जलविद्युत आयोजनाको विकासमा अग्रसर भएर लाग्न सुझाव।
- लाभांश वितरणको वर्तमान बजार अवस्था मध्यनजर गर्दा कम्पनीबाट वितरण भईरहेको लाभांश दर राम्रो भएको विचार व्यक्त।
- जलविद्युतमा लगानी गर्दा प्रतिफल प्राप्त गर्न ८-९ वर्ष कुर्नुपर्ने वर्तमान परिप्रेक्ष्यमा कम्पनी आफ्नो स्थापनाको केहि वर्षहरुदेखि नै लाभांश वितरण गर्न सक्ने अवस्थामा रहनु सन्तोषजनक देखिएको

विचार व्यक्त।

सभामा विभिन्न शेयरधनीहरुबाट व्यक्त गरिएका राय एवं सुझावहरुका लागि धन्यवाद दिँदै कम्पनीका प्रमुख कार्यकारी अधिकृत श्री छवि राज पोखेलले शेयरधनीहरुबाट उठेका जिज्ञासाहरुको देहाय बमोजिम जवाफ दिनु भयोः

- हकप्रद शेयर जारी गर्ने प्रकृयामा रहेको र नेपाल सरकार बाहेकका संस्थापक शेयरधनीहरु हकप्रद शेयर लिने सम्बन्धी निर्णय गर्ने प्रकृयामा रहेको र चालु आर्थिक वर्ष भित्र सर्वसाधारणलाई हकप्रद शेयरको विक्री खुला हुने।
- कम्पनीले जलविद्युत विकास सम्बन्धी नेपाल सरकारका नीति तथा योजनाहरुको समेत अनुसरण गरी कार्य अगाडि बढाइरहेको र नेपाल सरकारको जनताको जलविद्युत कार्यक्रममा समेत आफ्नो महत्वपूर्ण भूमिका प्रस्तुत गरेको।
- रेमिट हाइड्रो लि. अन्तर्गतका दुई आयोजनाहरुका सडक तथा पुल लगायतका आधारभूत पूर्वाधार विकासको कार्य द्रुत गतिमा भईरहेको र आगामी आर्थिक वर्ष देखि आयोजनाहरुको निर्माण कार्य शुरु हुने।
- काबेली ए जलविद्युत आयोजनाको प्रगति अनुसार मात्र कम्पनीबाट ऋण रकम भुक्तानी हुने हुँदा सो आयोजना निर्माण सम्बन्धमा प्रबर्द्धकको योजना अध्ययन पश्चात ऋण लगानी सम्बन्धी निर्णय हुने।
- कम्पनीको पाँच वर्षे व्यवसायिक योजनामा उल्लेख भए बमोजिम लगानी गर्ने कुल जडित क्षमताको लक्ष्य पुरा भए पनि आयोजना प्रारम्भिक अवस्थामा रहेको हुँदा लगानी न्यून: देखिएको र आगामी दिनमा आयोजनाको निर्माणको प्रगति अनुसार लगानी रकम बढ्दै जाने।
- आगामी वर्ष देखि वार्षिक प्रतिवेदनमा सकेसम्म चालु आर्थिक वर्षको पछिल्लो महिनासम्मको प्रगति विवरण राख्ने।
- कम्पनीले नीजि क्षेत्रका जलविद्युत प्रवर्द्धकहरुलाई पनि आफ्नो योजनाको अभिन्न अंग मानी सहकार्य गरिरहेको र नीजि क्षेत्रबाट प्रवर्द्धित जलविद्युत आयोजनाहरुलाई समेत प्राथमिकतामा राखी लगानी गर्ने कम्पनीको नीति रहेको।
- कम्पनीबाट विद्युत उत्पादन कम्पनी लि., राष्ट्रिय प्रसारण ग्रीड कम्पनी लि. र कर्मचारी सञ्चय कोषबाट प्रवर्दन गरिने आयोजनाहरुमा लगानी गर्न छलफल भइरहेको।
- कम्पनीको कुल आम्दानीमा ऋण तथा शेयर लगानीबाट प्राप्त हुने आम्दानीको हिस्सा निरन्तर वृद्धि भइरहेको।
- करिब दुई लाख उनासी हजार शेयरधनी रहेको यस कम्पनी सदैव शेयरधनीहरुको सुझाव, सल्लाह र अपेक्षालाई आत्मसात गरी आफ्नो लक्ष्य प्राप्तिमा अग्रसर रहेको र शेयरधनीहरुलाई उचित प्रतिफल दिने गरी कार्य गरिरहेको।

६. प्रस्तावहरु उपर छलफल तथा निर्णयहरुः

**(क) सामान्य प्रस्तावः**

**प्रस्ताव नं. १: आर्थिक वर्ष २०७५/७६ को सञ्चालक समितिको प्रतिवेदन उपर छलफल गरी पारित गर्ने।**

निर्णयः सञ्चालक समितिका तर्फबाट कम्पनीको आर्थिक वर्ष २०७५/७६ को वार्षिक प्रतिवेदन माथि सभामा छलफल गरी पारित गर्न अध्यक्षले सभामा निर्णयार्थ प्रस्तुत गर्नुभएकोमा प्रतिवेदन सर्वसम्मतबाट पारित गरियो।

**प्रस्ताव नं. २ः लेखापरीक्षकको प्रतिवेदन सहित २०७६ आषाढ मसान्तको वासलात, आर्थिक वर्ष २०७५/७६ को नाफा नोक्सान हिसाब र नगद प्रवाह विवरण सहितका वित्तीय विवरणहरु उपर छलफल गरी स्वीकृत गर्ने।**

निर्णयः लेखापरीक्षक चार्टर्ड एकाउन्टेण्ट राजन अधिकारीबाट कम्पनीको आर्थिक वर्ष २०७५/७६ को लेखापरीक्षण कार्य सम्पन्न गरी जारी गरिएको लेखापरीक्षक प्रतिवेदन तथा २०७६ आषाढ मसान्तको वासलात, आ.व. २०७५/७६ को नाफा नोक्सान हिसाब र नगद प्रवाह विवरण सहितका वित्तीय विवरणहरु उपर छलफल भई सर्वसम्मतबाट पारित गरियो।

**प्रस्ताव नं. ३ः श्री महालेखापरीक्षकको कार्यालयबाट प्राप्त परामर्श बमोजिम चालु आर्थिक वर्ष २०७६/७७ को लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने।**

निर्णयः श्री महालेखापरीक्षकको कार्यालयको मिति २०७६/९/२० को च.नं. २५४ को पत्रबाट परामर्श प्रदान गरिए बमोजिम कम्पनीको लेखापरीक्षण समितिबाट सिफारिश गरिएका चार्टर्ड एकाउन्टेन्ट श्री राजन अधिकारीलाई चालु आ.व. २०७६/७७ को लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक रु. ३,००,०००|- (अक्षरेपी तीन लाख मात्र) (मु.अ. कर बाहेक) निर्धारण गर्ने प्रस्ताव उपर छलफल भई सर्वसम्मतबाट पारित गरियो।

**प्रस्ताव नं. ४ः सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम शेयरधनीहरुलाई चुक्ता पूँजीको १२% प्रतिशतका दरले हुने रु. १,३२,००,००,०००|- (अक्षरेपी एक अर्ब बत्तिस करोड मात्र) बराबर नगद लाभांश (कर सहित) वितरण गर्न स्वीकृत गर्ने।**

निर्णयः सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम शेयरधनीहरुलाई चुक्ता पूँजीको १२% प्रतिशतका दरले हुने रु. १,३२,००,००,०००|- (अक्षरेपी एक अर्ब बत्तिस करोड मात्र) बराबर नगद लाभांश (कर सहित) प्रदान गर्न स्वीकृत गर्ने र कम्पनी ऐन, २०६३ को दफा १८२ को उपदफा (२) को अधिनमा रही नेपाल सरकारको स्वीकृति प्राप्त भए पश्चात सो लाभांश वितरण गर्ने प्रस्ताव सर्वसम्मतबाट पारित गरियो।

**(ख) विशेष प्रस्तावः**

**प्रस्ताव नं. १ः कम्पनीको संस्थागत सामाजिक उत्तरदायित्व बहन गर्ने क्रममा मिति २०७५/१२/१७ गते बारा र पर्सा जिल्लामा आएको भीषण हावाहुरीबाट प्रभावित जनताको लागि राहत प्रदान गर्न सहयोग स्वरुप प्रधानमन्त्री राहत कोष मार्फत प्रदेश नं. २ को मुख्यमन्त्री राहत कोषमा रु. ४००,०००|- (अक्षरेपी चार लाख मात्र) जम्मा गरिएकोमा सो को अनुमोदन गर्ने।**

निर्णयः सभाका अध्यक्षज्यूले कम्पनीको संस्थागत सामाजिक उत्तरदायित्व बहन गर्ने क्रममा मिति

२०७५/१२/१७ गते बारा र पर्सा जिल्लामा आएको भीषण हावाहुरीबाट प्रभावित जनताको लागि राहत प्रदान गर्न सहयोग स्वरुप कम्पनीबाट प्रधानमन्त्री राहत कोष मार्फत प्रदेश नं. २ को मुख्यमन्त्री राहत कोषमा रु. ४००,०००।- (अक्षरेपी चार लाख मात्र) जम्मा गरिएकोमा कम्पनी ऐन, २०६३ को दफा १०५ बमोजिम सो खर्चको अनुमोदन गर्न सभामा पेश गर्नु भएको विशेष प्रस्ताव सर्वसम्मतबाट पारित गरियो।

**७. धन्यवाद ज्ञापन तथा सभा विसर्जनः**

यस कम्पनीको आठौं वार्षिक साधारण सभामा कम्पनी ऐन, २०६३ तथा कम्पनीको नियमावली अनुसार सूचना प्रकाशित गरी सभा बस्ने मिति, समय र स्थान र सभामा छलफल गरिने प्रस्तावहरु उल्लेख गरिए बमोजिम र कम्पनीका शेयरधनी महानुभावहरुलाई पत्राचार गरे बमोजिम कम्पनीको साधारण सभास्थलमा तोकिएकै समयमा शेयरधनीहरु, कम्पनीका सञ्चालकहरु तथा विभिन्न नियमनकारी निकायका प्रतिनिधिहरु उपस्थित भई आठौं वार्षिक साधारण सभा छलफल गर्ने विषय सूची अनुसार छलफल गरी प्रस्तावहरु पारित भएकोले सभाका अध्यक्षज्यूबाट यस सभामा उपस्थित सम्पूर्ण शेयरधनी महानुभावहरुले सकारात्मक तथा सक्रिय रुपमा छलफलमा सहभागी हुनुका साथै रचनात्मक सुझाव एवं सल्लाह प्रदान गर्नु भएकोमा धन्यवाद प्रदान गर्नु भयो। साथै यस आठौं वार्षिक साधारण सभा व्यवस्थित एवं सफलतापूर्वक सञ्चालन एवं सम्पन्न गर्न भूमिका खेल्नुहुने कम्पनीका सञ्चालकहरु, कम्पनीका प्रमुख कार्यकारी अधिकृत लगायत कम्पनीका सम्पूर्ण कर्मचारीहरु तथा अन्य सहयोगी व्यक्ति तथा संस्थाहरु सबैलाई धन्यवाद दिँदै कम्पनीको आठौं वार्षिक साधारण सभा सम्पन्न भएको घोषणा गर्नुभयो।